# झापा जिल्ला अदालत
## भद्रपुर, झापा
(तहसिल शाखा)

फोन नं. :- ०२३-४५२०८९, ४५२७३१
E-mail :- tahasil.dcjhapa@supremecourt.gov.np
Website:- www.supremecourt.gov.np
भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल ।

पत्र संख्या :-२०८१/०८२
चलानी नं :-TH/
प्राप्त प.सं. र मितिः-

मितिः-२०८१।५।१४
ने.सं. ११४४ गुँलागा १२ , शुक्रबार

**विषयः- दशीका सामानहरु(सवारी साधन) फिर्ता लिन आउने बारेको अत्यन्त जरुरी सूचना।**
**सूचना प्रकाशित मितिः-२०८१।०५।१४**

उपर्युक्त सम्बन्धमा यस अदालतमा चलेका विभिन्न सरकारवादी फौजदारी मुद्दाहरुमा दशीको रुपमा पेश हुन आई यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरुको जिन्सी व्यवस्थापन कार्य भईरहेकोमा जिन्सीमा आम्दानी बाँधिएका उल्लिखित सवारीसाधनहरु अझै राखिरहने हो भने काम नलाग्ने भई खेर जाने अवस्थाको देखिएकोले अदालतले खोजेका बखत फिर्ता बुझाउने शर्तमा जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरुमध्ये फैसलामा फिर्ता हुने / जफत नहुने ठहर भएका सवारी साधनहरु मध्ये थान १६ सम्बन्धमा २१ दिन भित्र प्रमाण सहित फिर्ता लिन आउनुहोला। उक्त सवारी साधनका मालधनी फिर्ता माग्न आएमा नियमानुसार फिर्ता दिने गरी र फिर्ता माग्न नआएका हकमा व्यवस्थित रुपले राख्नको लागि अदालतमा स्थान अभाव समेत भएकोले उल्लिखित अवधि पछि प्रचलित ऐन / कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० समेत बमोजिम मूल्याङ्कन गरी उक्त सवारी साधनहरु लिलाम विक्री गरी रकम धरौटीमा आम्दानी बाँधिने र एक वर्ष भित्रसमेत हकवाला रकम लिन नआए राजश्वमा दाखिला भई जाने व्यहोरा अवगत गराउँदै त्यस्ता सवारी साधनहरुको विवरणसमेत यसै पत्रसाथ राखी सम्बन्धित सबैमा मिति २०८१।०५।१३ को यस अदालतको निर्णय अनुसार जानकारी गराइएको छ ।

**नोटः- यस अदालतको जिन्सीमा आम्दानी बाधिँएका अन्य सामाग्री तथा सवारी साधनहरुको बारेमा निर्णय भएपश्चात यसै बमोजिमको अर्को सूचना प्रकाशित गरिनेछ।**

२०८१।५।१४

..........................
सुभाश चन्द्र दाहाल
तहसिलदार(शा.अ.)